समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ दैनिक

KALPRISTHA DAINIK

वर्षः २९, अंकः९९
आइतबार,६ मंसिर २०८३
(Sunday, 22 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

kalpristhanews.com

राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा

हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

एनपीएल तेस्रो संस्करणको च्याम्पियन सुदूरपश्चिम

कालपृष्ठ समाचारदाता

काठमाडौं, ५ मंसिर



लगातार तेस्रो पटक फाइनल पुगेको सुदुरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग(एनपीएल)को तेस्रो सिजनको उपाधि जित्न सफल भएको छ। त्रिवि क्रिकेट मैदानमा सुदुरपश्चिमले लुम्बिनी लायन्सलाई सहजै १० विकेटले पराजित गर्दै उपाधि जित्न सफल भएको हो। शनिबार रातीको जितसँगै सुदुरपश्चिमले उपविजतोको 'डेडलक' तोडेको छ। यसअघिका दुवै सिजन फाइनलमा पुग्दा सुदूरपश्चिमले क्रमशः पाँच र ६ विकेटले पराजित भएको थियो।

शनिबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट रंगशालामा सुदूरपश्चिमले लुम्बिनीले प्रस्तुत गरेको १ सय ५६ रनको लक्ष्य १३.३ ओभरमा विना विकेटको क्षतिमा हासिल गरेको थियो। सुदूरपश्चिमको जितमा जर्ज मुन्सेको ब्याटिङ निर्णायक बन्यो। उनले १ सय २६ रनको अविजित शतकीय पारी खेल्दै टोलीलाई उपाधि दिलाए।

यसअघिका खेलअन्तर्गत उनी क्वालिफायर्स-१ मा रोयल डकआउट भएका थिए। क्वालिफायर्स-२ मा आठ रन बनाएर आउट भएका थिए। फाइनलमा भने मुन्सेले विस्फोटक पारी खेल्दै आठ चौका र १२ छक्का प्रहार गरे।

योसँगै उनी यसपालि शतक प्रहार गर्ने तेस्रो ब्याटर बने। चितवन राइनोजका कमिल मसिरा र पोखरा एभेन्जर्सका ओपनर युवराज सम्राले यसअघि शतक प्रहार गरेका थिए।

सुदूरपश्चिमका अर्का ओपनर विनोद भण्डारीले ३० रन बनाए। उनले २७ बलमा तीन चौका प्रहार गरे। उनीहरूले १५६ रनको अविजित साझेदारी गरे।

जर्जको बाउन्ड्री प्रहार अन्तिम समयसम्म पनि रोकिएन। उनले अन्तिम बलमा छक्का प्रहार गरे। खेलमा लुम्बिनीले मुन्सेले सस्तैमा पभेलियन फर्काउने मौका पनि पाएको थियो। उनले ६.३ ओभरमा जीवनदान पाएका हुन्। मुन्सेले लुम्बिनीका डार्सी सर्टीविरुद्ध चौकाको प्रयास गर्दा सन्दीप जोराले क्याच लिन खोजेका थिए। तर, अन्तिम समयमा सन्दीपको हातबाट बल ड्रप हुन पुगेको थियो। त्यसपछि सोही बलमा एक रन लिएका उनलाई डर्सीले पुनः रनआउटको प्रयास गरे पनि सफल हुन सकेको थिएन।

त्यसअघि, टस हारेर ब्याटिङमा उत्रिएको लुम्बिनीले सुदूरपश्चिमविरुद्ध निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १ सय ५५ रन बनाएको थियो।

लुम्बिनीका निम्ति अविजित रहेका दिलीप नाथले ३९ रन बनाए। पहिलो इनिङमा यो कुनै पनि खेलाडीले बनाएको व्यक्तिगत सर्वाधिक रन बन्यो। उनको इनिङले मध्यक्रममा टिममा सन्तुलन कायम गर्न सहयोगी भूमिका खेल्यो।

बाँकी ३ पृष्ठमा

बलर रिजनले पाए ओमोडा कार

कालपृष्ठ समाचारदाता

काठमाडौं, ५ मंसिर

चितवन राइनोजका तीव्र गतिका बलर रिजन ढकाल नेपाल प्रिमियर लिग (एनपिएल) सिजन २ का सर्वोत्कृष्ट नेपाली घोषित भएका छन्। यो उपलब्धिसँगै उनले ओमोडा जेइको जे फाइभ कार प्राप्त गरे। प्रतियोगिताकै इलेक्ट्रिक खेलाडीका रूपमा रोहितले यो पुरस्कार प्राप्त गरेका हुन्। पुरस्कार नेपाली खेलाडीका लागि मात्र राखिएको थियो। रिजनले ८ इनिङ्समा १७ विकेट हासिल गरे। दोस्रो क्वालिफायरसम्म पुगेको चितवनका लागि रिजनले ६.२२ को इकोनोमीमा बलिङ गरेका थिए।

दीपेन्द्रसिंह ऐरी सर्वोत्कृष्ट खेलाडी

कालपृष्ठ समाचारदाता

काठमाडौं, ५ मंसिर

च्याम्पियन सुदूरपश्चिम रोयल्सका कप्तान दीपेन्द्रसिंह ऐरि नेपाल प्रिमियर लिग (एनपिएल) सिजन- ३ का सर्वोत्कृष्ट खेलाडी घोषित भएका छन्। अघिल्लो सिजन ओमोडा जेइको जे फाइभ कार जितेका दीपेन्द्रले यसपाली पनि ब्याट र बलबाट त्यस्तै योगदान गरे। दीपेन्द्रले ८ इनिङ्समा एक मेडनसहित कूल ७ विकेट हासिल गरे। त्यस्तै १० इनिङ्समा तीन अर्धशतकसहित दीपेन्द्रले २ सय १७ रन जोडे। उनी सर्वाधिक रनकर्ताको दौडमा छैटौं स्थानमा रहे। सर्वोत्कृष्ट खेलाडी बनेसँगै उनले पाँच लाख रूपैयाँ हात पारेका छन।

बाँकी ३ पृष्ठमा

अनलाइन जुवा खेलाउने चार भारतीयसहित ५ जना पक्राउ



कालपृष्ठ समाचारदाता

दाङ, ५ मंसिर

अनलाइन जुवा (सट्टेबाजी) खेलाएको आरोपमा प्रहरीले चार जना भारतीय नागरिकसहित पाँच जनालाई दाङबाट पक्राउ गरेको छ।

पक्राउ पर्नेमा डोटीको दिपायल सिलगढी नगरपालिका-३ का ३२ वर्षीय सागर राना र चार जना भारतीय नागरिक छन्।

पक्राउ पर्ने भारतीय नागरिकमा भारतको मध्यप्रदेशस्थित भोपालका २४ वर्षीय जसवन्तसिंह तोमर, २४ वर्षीय सत्यम राजपुत, २४ वर्षीय हर्ष सिंह भनिने हर्ष उसरेटे र २७ वर्षीय राहुल चन्द छन्।

जिल्ला प्रहरी कार्यालय दाङका अनुसार उनीहरूले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा अनलाइन सट्टेबाजी गराउने गरेका थिए।

नेपालमा अहिले नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट चलिरहेको छ।

त्यस्तै, सुर्खेतमा मंसिर ८ गतेदेखि १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता सुरु हुँदैछ। यस्ता खेलकुद प्रतियोगितामा अनलाइन सट्टेबाजी गराउने गरेको सूचनाका आधारमा प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो।

लमही नगरपालिका-५ रातोडाँडास्थित 'जस्मिन होटल एन्ड लज'मा छापा मारेर उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

होटलको तेस्रो तलामा रहेको २०३ नम्बरको कोठा भाडामा लिएर उनीहरूले अनलाइन जुवा खेलाउने गरेको प्रहरीको भनाइ छ।

गोप्य सूचनाका आधारमा लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङबाट खटिएको विशेष टोलीले शुक्रबार राति करिब १० बजे होटलमा खानतलासी गरेको थियो।

प्रहरीले उनीहरूले जुवा खेलाउन प्रयोग गर्ने दुई थान डेस्कटप कम्प्युटर, तीन थान ल्यापटप र १३ थान स्मार्टफोन बरामद गरेको छ।

उनीहरूले 'कुश ७७७' र 'कुश एक्सचेन्ज' एप्लिकेसनमार्फत अनलाइन जुवा खेलाउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

पक्राउ परेका पाँचै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वडा प्रहरी कार्यालयको हिरासतमा राखिएको छ।

बाँकी ३ पृष्ठमा



मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
Laxmi Media Printers Nepalgunj
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सम्पादकीय

पत्रकार महिलाको क्षमता अभिवृद्धिमा युनियनको उत्कृष्ट प्रयास

पत्रकारिता केवल सूचना सम्प्रेषणको माध्यम होइन, समाजका दबिएका आवाजलाई उजागर गर्ने, अवसरबाट वञ्चित समुदायका कथा सार्वजनिक गर्ने र परिवर्तनका लागि चेतना फैलाउने सशक्त माध्यम पनि हो । यही मर्मलाई आत्मसात् गर्दै नेपाल प्रेस युनियन बाँकेले विगत तीन वर्षदेखि आयोजना गर्दै आएको पत्रकार महिला लेखनवृत्ति प्रतियोगिता महिला पत्रकारको क्षमता, सिर्जनशीलता र व्यावसायिक दक्षता अभिवृद्धि गर्ने सकारात्मक प्रयासका रूपमा स्थापित हुँदै गएको छ ।

यस वर्ष आयोजित पत्रकार महिला लेखनवृत्ति प्रतियोगिता-२०८३ मा बिमला चौधरीको स्टोरी प्रथम हुनु आफैंमा अर्थपूर्ण उपलब्धि हो । 'थारु लेहगांको बढ्दो मागसँगै चम्किँदै गीताको उद्यमशीलता, मासिक डेढ लाख आम्दानी' शीर्षकको उनको स्टोरीले स्थानीय संस्कृति, परम्परागत सीप र महिला उद्यमशीलताको सम्भावनालाई उजागर गरेको छ । एउटा महिलाको संघर्ष, मेहनत र सफलताको कथामार्फत स्थानीय उत्पादनको बजार सम्भावना तथा आर्थिक आत्मनिर्भरताको सन्देश दिनु पत्रकारिताको सार्थक अभ्यास हो ।

ममता थापाको 'घुँघट र अशिक्षाको पर्खाल भत्काएर सत्ताको जिम्मेवारी सम्हाल्ने आँट गरेका जनप्रतिनिधि' शीर्षकको स्टोरी द्वितीय हुनु पनि सामाजिक रूपान्तरणको दृष्टिले महत्वपूर्ण छ । यसले परम्परागत सामाजिक बन्धन, अशिक्षा र लैंगिक विभेदका पर्खाल भत्काउँदै नेतृत्वमा पुगेका महिलाको संघर्षलाई उजागर गरेको छ । सुमित्रा पण्डितको 'मुनाहमालको संघर्षदेखि नेतृत्वसम्मको प्रेरणादायी यात्रा' शीर्षकको स्टोरी तृतीय हुनु र साहिदा साहको 'आशाका सपना, साहस, संघर्ष र दोहोरो जिम्मेवारी' शीर्षकको स्टोरीले सान्त्वना स्थान प्राप्त गर्नुले महिला पत्रकारले समाजका विविध आयामलाई आफ्नो लेखनमार्फत उठान गरिरहेको स्पष्ट हुन्छ ।

प्रतियोगितामा छ जना महिला पत्रकारको सहभागिता रहनु सकारात्मक पक्ष हो । यद्यपि सहभागिताको यो संख्या अझै विस्तार गर्नुपर्ने आवश्यकता छ । पत्रकार महिलाले आफ्नो क्षमता प्रदर्शन गर्ने, खोजमूलक तथा विषयवस्तुमा आधारित लेखनलाई प्रोत्साहन पाउने र व्यावसायिक पहिचान निर्माण गर्ने अवसर पर्याप्त रूपमा पाउन सकेका छैनन् । यस्तो अवस्थामा प्रेस युनियन बाँकेले निरन्तरता दिएको लेखनवृत्ति कार्यक्रम प्रशंसनीय छ ।

तर, यस्ता प्रतियोगिताको उद्देश्य पुरस्कार वितरणमा मात्र सीमित हुनु हुँदैन । पत्रकार महिलालाई समाचार लेखन, खोज पत्रकारिता, अनुसन्धान, सम्पादन तथा डिजिटल सञ्चारका क्षेत्रमा समेत दक्ष बनाउने दीर्घकालीन कार्यक्रम आवश्यक छ । प्रतियोगितामा सहभागी भएका सबै पत्रकारका सिर्जनालाई प्रकाशन तथा प्रसारणको अवसर उपलब्ध गराउन सके यसले अझ व्यापक प्रभाव पार्न सक्छ ।

जिम्मेवार पत्रकारिता र प्रेस स्वतन्त्रता एकअर्काका पूरक हुन् भन्ने कुरा पनि अत्तिकै महत्वपूर्ण छ । स्वतन्त्रताको नाममा पत्रकारिताको आचारसंहिता उल्लंघन हुनु हुँदैन भने जिम्मेवारीका नाममा प्रेस स्वतन्त्रता संकुचित पनि गरिनु हुँदैन ।

विशेषगरी महिला पत्रकारले व्यावसायिक क्षेत्रमा भोग्नुपर्ने लैंगिक विभेद, अवसरको असमानता, पारिवारिक जिम्मेवारी र कार्यस्थलका चुनौतीलाई सम्बोधन नगरी उनीहरूको क्षमता विकासको अपेक्षा पूरा हुन सक्दैन । त्यसैले महिला पत्रकार लक्षित लेखनवृत्ति कार्यक्रमसँगै सुरक्षित कार्यस्थल, समान अवसर, नेतृत्व विकास र आर्थिक प्रोत्साहनका कार्यक्रम पनि अघि बढाइनुपर्छ ।

नेपाल प्रेस युनियन बाँकेको यो पहललाई एउटा प्रतियोगिताका रूपमा मात्र नभई महिला पत्रकारको सिर्जनशीलता र नेतृत्व विकासको अभियानका रूपमा अघि बढाउन आवश्यक छ ।

पत्रकारिताको वास्तविक सफलता समाचार प्रकाशित हुनुमा मात्र होइन, त्यसले समाजमा कस्तो बहस सिर्जना गऱ्यो, कसका समस्या उजागर गऱ्यो र परिवर्तनका लागि कति योगदान पुऱ्यो भन्नेमा निर्भर हुन्छ । बिमला चौधरी, ममता थापा, सुमित्रा पण्डित र साहिदा साहका स्टोरीले यही सामाजिक उत्तरदायित्वको झलक प्रस्तुत गरेका छन् । यस्ता प्रयासले महिला पत्रकारलाई आफ्नो लेखनमार्फत समाज बदल्ने आत्मविश्वास प्रदान गर्न सकेमात्र प्रेस युनियन बाँकेको लेखनवृत्ति कार्यक्रमको सार्थकता पाउनेछ ।

कोप–३१ : हिमाल जोगाउन अग्रसरता

टर्कीएको अन्ताल्यामा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्षराष्ट्रहरूको सम्मेलन (कोप-३१) मा वैश्विक जलवायु परिवर्तनको उछाललाई स्थिर बनाउने उद्घोष भयो । मानव जातिको साझा घर पृथ्वीलाई जलाउने गरी उग्र बन्दै गएको विश्वव्यापी तापमानको ज्वारभाटामा कार्बन उत्सर्जनको घिउ नथप्ने वाचा पक्षराष्ट्रहरूले गरे । भावी पुस्ताको भविष्य पृथ्वीमा सुरक्षित गर्न हरसम्भव उपाय अपनाउने प्रतिबद्धताको अमिट छाप घोषणापत्रमा लाग्यो । पृथ्वी अहिलेको पुस्ताको मात्र पेवा होइन, भावी पुस्ताले पनि यहीस्तरमा भोगचलन गर्न पाउनु पर्छ । यही अधिकार संरक्षणको दर्बिलो खम्बा अहिलेको सम्मेलन बन्यो । अनावश्यक तामझामभन्दा निर्णायक बहसका सत्र कात्तिक २३ देखि मङ्सिर ४ सम्मको १२ दिन गुलजार बन्यो ।

पहिलो साताका बहस पैरवीहरूमा मुख्य विषयका केही मुद्दामा राजनीतिक सहमति जुटे पनि कोपको दोस्रो साताको प्राविधिक तथा उच्चस्तरीय छलफल रस्साकस्सीयुक्त रह्यो । कसको मुद्दाले कति प्राथमिकता पाउने भन्ने एकथरी मत थियो । अर्कोतर्फ मामिलामा देखिएका असहमतिलाई सहमतिमा बदल्न अध्यक्षमण्डलले ठुलै कसरत गर्नु पऱ्यो । केही पक्ष मुलुकले बाध्यकारी भाषाविरुद्ध राष्ट्रिय सार्वभौमिकताका सवाल उत्पन्न भएकोमा आपत्ति जनाएपछि बहस चुलियो । भूराजनीतिक प्रतिकूलताबिच फरक पृष्ठभूमिका अध्यक्षमण्डल टर्किए र अस्ट्रेलिया आफैं कोइला तथा जीवाश्म उत्पादक वा प्रयोगकर्ताको उच्च सूचीमा रहेको देश हो । तथापि आफूलाई बिसँदै दुवैले निर्णयमा बाधा पारेनन् ।

अनेक उतारचढावयुक्त यस पटकको कोप सम्मेलन वास्तवमै वार्ता र सहमतिको पर्याय बन्न सफल भएको परराष्ट्रमन्त्री शिशिर खनालको ठहर छ । त्यसमा नेपालले भोगेको जलवायु परिवर्तनको चोट विश्वकै लागि प्रमुख उदाहरण रह्यो ।

कार्यान्वयनतिर डोहोरिँदा

सम्मेलनको समापनसम्म रहनुभएका जलवायुविज्ञ डा. मञ्जित ढकालका अनुसार सङ्क्रमणकालीन अर्थात् प्राविधिक तहको सहमतिलाई कार्यान्वनतिर डोहोऱ्याउनु अर्को चुनौतीपूर्ण कार्य रह्यो । यसरी भएका निर्क्योल मन्त्रीस्तरीय तहमा पुग्यो । समग्र सम्मेलनको बहस र छलफलपछि दुई वटा विषयले बढी महत्व पायो । साझा घर पृथ्वीको तापमानलाई १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिई सन्तुलनमा राख्न पक्ष मुलुकहरूले अनिवार्य कार्बन उत्सर्जन कम गर्ने विषयमा साझा मतैक्य बन्यो ।

विकसित मुलुकहरूले अतिकम विकसित राष्ट्रहरूलाई सहयोग गर्नुपर्ने विषयले प्रमुख प्राथमिकता पायो । त्यसमा पनि जलवायु न्यायसँग जोडिएको जलवायु वित्तपोषणलाई बलियो बनाउने खाका कोरियो । अध्यक्षमण्डलको अग्रसरतामा अघि बढेको यस यात्रामा जलवायु अनुकूलन, न्यूनीकरण, वित्तपोषण, जलवायु न्याय र समुद्रसहितका 'टेम्प्रेचर ओभरसुट' (तल झार्ने) गर्न पक्षराष्ट्रको मत मिल्यो । जोखिमलाई सम्बोधन गर्ने, स्वच्छ ऊर्जा र प्रकृतिमा आधारित समाधानहरूलाई समावेश गर्न कसैको मत बाझिएन । अध्यक्षमण्डलले विद्युतीकरण र ऊर्जा सङ्क्रमणसम्बन्धी प्रतिबद्धता अघि सार्‍यो; जुन अघिल्लो वर्षको जीवाश्म इन्धनसम्बन्धी मार्गचित्रमा आधारित थियो । युवा र स्वास्थ्यको एकीकरण अन्तर्गत गतिशील र उत्थानशील स्वास्थ्य प्रणालीलाई मुख्य प्राथमिकता दिइयो । राष्ट्रिय जलवायु योजनाहरूलाई अझ फराकिलो बनाउँदै त्यसमा बालबालिका र युवालाई स्पष्ट रूपमा समेट्ने दिशामा सम्मेलन उदार बन्यो ।

युद्धकालीन तथा कर्पोरेट 'विन्डफल ट्याक्स' (अत्यधिक नाफामा कर) को आह्वान भयो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले शिखर सम्मेलनमा ठुला तेल तथा ग्यास कम्पनीहरूमाथि 'विन्डफल ट्याक्स' लगाउन आह्वान गर्नुभयो । यसबाट प्राप्त हुने रकम जलवायु विपत्को जोखिममा रहेका राष्ट्रहरूलाई राहत प्रदान गर्न प्रयोगमा ल्याउन सक्ने सम्भावना जाहेर भयो । जीवाश्म इन्धन कटौतीका विभिन्न पाँच विषयमा विभिन्न देशका मन्त्रीलाई अन्तिम रूप दिन जिम्मेवारी दिइएको थियो । हिमालको मुद्दासहित अन्य १२ विषयमा प्राविधिक तहको सत्रमा छलफल भयो । जलवायु परिवर्तनको असरको न्यूनीकरण, अनुकूलनका लक्ष्यलगायत कार्यान्वयनमा जाने विषयमा छलफल केन्द्रित थियो ।

'टेम्प्रेचर ओभरसुट' र नेपाल

पृथ्वीको तापमान औद्योगिकीकरणदेखि हालसम्मको अवस्थामा १.५ डिग्री बढिसकेको छ । त्योभन्दा माथि उक्लँदै जाँदा 'टेम्प्रेचर ओभरसुट' (तापमानलाई तल्लो रेखामा झार्ने) मा निर्णय कसरी हुन्छ भन्ने अत्यधिक चासो पूर्वतयारीमा पनि देखिएको थियो । त्यही बखत लामटाङ लिरुङ हिमाल चोइटिएर नेपालको भोटेकोशीमा हिमबाढीको विपत् आयो; जसले विश्वको मनमस्तिष्कलाई निर्णय लिन सहज गराएको विज्ञ ढकाल औंल्याउनुहुन्छ । उहाँका अनुसार वैश्विक तापक्रम वृद्धिले अनौठो प्रकारको भयावह जलवायुजन्य प्रकोप भोग्नुपर्ने रहेछ भन्ने तथ्य विश्वलाई नेपालले दियो । अन्य देशमा तातो हावा, डढेलो, हिमताल विस्फोटलगायत जलवायुजन्य विपत्ले क्षति गरायो ।

जलवायु न्यायको आधारशिलाका रूपमा रहेको जलवायु वित्तको बहस चर्को बन्यो । नेपालको क्षतिको तुलनामा क्षति तथा नोक्सानी सम्बोधन कोषले दिने परिपूरणको आँकडा निकै न्यून थियो । ढकालले सुनाउनुभयो, "हामीसँग संयन्त्र भए पनि र सहयोग गर्न चाहने अवस्था हुँदा पनि कोषमा रकम नहुँदा नेपाललाई दिन नसकिएको ज्वलन्त उदाहरण देखियो ।" भविष्यमा कोपले जलवायु वित्त बढीभन्दा बढी परिचालन गर्न भूमिका खेल्छ र कार्बन उत्सर्जक मुलुकले कति सहयोग बढाउन सक्छ भन्नेमा चर्काचर्की पऱ्यो । त्यसपछि अनुकूलनसम्बन्धी वित्तलाई तीन गुणाले बढाउने विषयमा एकखालको सहमति बन्यो ।

गुटेर्रेसको भावुक सम्बोधन

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसको कार्यकाल सकिन अब करिब एक महिना बाँकी छ । सरल र समझदार नेताका रूपमा दुई कार्यकाल राष्ट्रसङ्घमा बिताउँदै गर्दा पृथ्वीलाई मानवीय बिरामहरूबाट अक्षुण्ण राख्न उहाँले अनुरोध गर्नुभयो । उल्लिखित उहाँको अन्तिम सम्बोधनको सारले पनि त्यो बताउँछ :

"हाम्रो यो सुन्दर पृथ्वीको रक्षा गर्न विश्वका कुना कुनाबाट आएका ९० हजारभन्दा बढी मानिसमा रहेको ऊर्जा, उत्साह र प्रतिबद्धता देख्दा निकै प्रभावित भएको छु । सबैभन्दा ठुला चुनौतीको सामना गर्न र पृथ्वीको रक्षा गर्न यति धेरै मानिस र संस्थालाई एकै ठाउँमा ल्याउने क्षमता केवल संयुक्त राष्ट्रसङ्घसँग मात्र छ भन्ने पुनर्पुष्टि भएको छ ।

महासचिवका रूपमा यो मेरो अन्तिम सम्मेलन हो अन्ताल्यामा । यो मेरो अन्तिम कार्यक्रम पनि हो । महासचिवका रूपमा करिब १० वर्षको अवधिमा मैले जलवायु परिवर्तनका बारेमा सत्य बोल्ने प्रयास गरेको छु । कहिलेकाहीं त्यो सत्य असहज लाग्न सक्छ । कहिलेकाहीं त्यो कसैलाई मन नपर्न पनि सक्छ तर तथ्यहरूलाई आफू अनुकूल वा सहज बनाउनु मेरो जिम्मेवारी कहिल्यै थिएन । मेरो जिम्मेवारी त विज्ञानमा आधारित सत्य बताउनु, र विशेष गरी जब त्यो सत्य कठोर हुन्छ, तब त्यसलाई स्पष्ट रूपमा राख्नु थियो । तथ्य त तथ्य नै हुन्छन् । जलवायु परिवर्तन कुनै एउटा निश्चित सीमाभित्र सीमित रहँदैन । यसले विश्वभर भोकमरी र विस्थापन निम्त्याउँछ । यसले दसकौं लगाएर हासिल गरिएका विकासका उपलब्धिलाई नामेट पार्छ । विभिन्न मुलुकलाई ऋणको झन् गहिरो दलदलमा धकेल्छ । जमिन र पानीका लागि प्रतिस्पर्धालाई उग्र बनाउँछ । अस्थिरतालाई बढावा दिन्छ । विभिन्न समुदाय र राष्ट्रहरूको अस्तित्वमाथि खतरा पैदा गरिरहेको छ ।"

छैन सजिलो उपाय

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सचिवालयका कार्यकारी सचिव साइमन स्टिलले कोप-३१ अहिलेसम्मको शृङ्खलाको बृहत् स्वरूप भएको ठम्याउनुभयो । पछिल्लो समय आफ्ना नागरिकको सुरक्षामा चिन्तित पक्षराष्ट्रहरू विश्वव्यापी तापमान वृद्धि र ऊर्जा बजारको अस्तव्यस्तताका कारण सिर्जित आर्थिक भार वा पीडाको सामना गर्न जलवायु परिवर्तनको मुद्दामा बढी केन्द्रित हुन बाध्य रहेको उहाँको अभिव्यक्तिले दर्शाउँछ ।

स्पष्ट छ कि पक्षराष्ट्रहरूले आफ्नो अर्थतन्त्र सुदृढ पार्न जलवायुसम्बन्धी कदम चालिरहेका छन् किनकि उनीहरूलाई थाहा छ, नवीकरणीय ऊर्जा आर्थिक वृद्धि, रोजगारी सिर्जना र सुरक्षित तथा किफायती ऊर्जाको मुख्य आधार हो । साथै जलवायु अनुकूलनमा प्रतिस्पर्धात्मक क्षमता बढाउन पनि उत्तिकै महत्वपूर्ण छ । त्यस्तै विद्युतीकरण र वित्तीय स्रोतमा पहुँच जस्ता विषय विशेष प्राथमिकतामा छन् ।

सम्मेलनमा सहभागी देशहरूले १६५ थान कार्यादेशमाथि काम गर्नु चानचुने कार्य होइन । जहाँ हरेक देशको आफ्नै दृष्टिकोण र आफ्नै आवाज छ । प्रत्येक शब्द र प्रत्येक वाक्यमा सहमति जुटाउनु कठिन तर अत्यन्त महत्वपूर्ण कार्य हो । सबै पक्षले केही न केही सम्झौता गर्नैं पर्छ ।

जलवायु परिवर्तनको समस्या समाधान गर्ने कुनै 'जादुको छडी' छैन । कुनै एउटा सम्मेलनले यो सङ्कटलाई जादुको भरमा हटाउन सक्दैन तर प्रत्येक सम्मेलनले प्रगतिको दिशामा अघि बढ्न मद्दत गर्नु पर्छ । हामी यो विश्वव्यापी जलवायु लडाइँ तब मात्र जित्न सक्छौं जब हामी जलवायु समुदायमा अर्बौं मानिसलाई आबद्ध गर्न सक्छौं ।

कोप-२९ मा पक्षराष्ट्रहरूले सन् २०३५ सम्ममा वार्षिक तीन सय अर्ब डलर विकसित राष्ट्रहरूको नेतृत्वमा जुटाउने र विकासोन्मुख राष्ट्रहरूका लागि विभिन्न स्रोतबाट वार्षिक १.३ ट्रिलियन डलरसम्म वित्तीय सहयोग पुऱ्याउने लक्ष्यमा सहमति जनाएका थिए । धेरै विकासोन्मुख राष्ट्र ऋण, विपत् र अत्यधिक पुँजी लागतको दुष्चक्रमा फसेका छन् । जलवायु वित्तले यी राष्ट्रलाई यस्तो अवस्थाबाट मुक्त हुन मद्दत गर्नु पर्छ ।

सहानुभूति होइन, जलवायु न्याय

नेपालका नयाँ पुस्ताले नेपालको भविष्यको सुरक्षाको प्रत्याभूतिसहित जलवायु न्याय दिन कोपका पक्षराष्ट्रहरूसमक्ष धर्ना कसेर आग्रह गरे । जलवायु परिवर्तनको असर भोगिरहेको आफूहरूले अन्तर्राष्ट्रिय समुदायबाट सहानुभूति होइन, न्याय पाउनुपर्ने अपेक्षा गरेको धर्ना बसेर औंल्याए । विविध सत्रमा जलवायु न्याय वितरणको पहल जारी रहँदा बाहिर परिसरमा रसुवा भोटेकोशी हिमबाढीका पीडा युवापुस्ताले बताइरहे । चार वटा शवका नमुना राखेर कोपका ९२ हजार सहभागीको ध्यानाकर्षण गरे । आफन्तहरू हिमबाढीमा बेपत्ता भएपछि शवसमेत फेला नपरेको पीडालाई साङ्केतिक रूपमा प्रस्तुत गरे । हिमबाढी र जलवायुजन्य विपत्ले निम्त्याएको मानवीय क्षति, परिवारले भोग्नुपर्ने पीडा र बेपत्ता आफन्तको अन्तिम संस्कारसमेत गर्न नपाउने अवस्थालाई नेपालका सहभागीले चित्रण गरे ।

जलवायु सङ्कटका लागि जिम्मेवार प्रदूषणकारी राष्ट्र तथा पक्षहरूले क्षतिपूर्ति दिनुपर्ने मागसहित आयोजित प्रदर्शनमा एक दर्जनभन्दा बढी देशका प्रतिनिधिले ऐक्यबद्धता जनाए । प्रदर्शनमा सहभागी नेपाली युवाले 'नेपाललाई जलवायु न्याय चाहिन्छ',

'ऋण होइन, क्षतिपूर्ति चाहिन्छ' नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरे । जलवायु सङ्कटका लागि बढी जिम्मेवार पक्षले यसको आर्थिक दायित्व वहन गर्नुपर्ने औंल्याए । विभिन्न मुलुकका वक्ताले पनि नेपालको जलवायु न्यायको मागप्रति बलियो साथ अभिव्यक्त गरे । उनीहरूले जलवायु परिवर्तनबाट जोखिममा रहेका समुदाय र देशका आवाजलाई अन्तर्राष्ट्रिय जलवायु वार्तामा प्राथमिकता दिन अपिल गरे ।

सम्मेलनस्थलबाहिर जलवायु न्याय माग्दै नेपाली अभियान्ता ।

नेपाली वक्ताहरूले जलवायु परिवर्तनबाट प्रभावित नेपाललाई ऋण दिएर थप आर्थिक भार नबोकाउन माग गरे । कार्यक्रममा पेमा वाङ्मो तामाङले "हामीलाई सहानुभूति होइन, न्याय चाहिएको छ, जलवायु सङ्कट सिर्जना गर्नेहरूले यसको मूल्य चुकाउनु पर्छ" भन्दै आवाज बुलन्द पार्दा सहभागीले स्वागत गरे । प्रदर्शनमा सहभागी नेपालीले जलवायु सङ्कटलाई केवल वातावरणीय समस्याका रूपमा नभई न्याय, मानव अधिकार र मानवीय अस्तित्वसँग जोडिएको विषयका रूपमा उठाएका थिए । उक्त धर्नाका क्रममा रसुवा-भोटेकोशी हिमबाढीमा ज्यान गुमाएका नागरिकको सम्झनामा श्रद्धाञ्जली पनि व्यक्त गरियो ।

निष्कर्ष

समग्र कोपका सहभागीले नेपालमा हिमाल फुटेर आएको भोटेकोशी विपत्ले जलवायु परिवर्तनको घन्टी विश्वमा बजाइदिएको अनुभूति प्रस्टसँग गरे । जलवायु परिवर्तनले हिमालमा परेको असरले कसरी मानव जीवनलाई तहसनहस बनाउँदै छ भन्ने बलियो उदाहरणका रूपमा संयुक्त राष्ट्रसङ्घ र पक्षराष्ट्रहरूले नै प्रस्तुत गरिरहे । अहिले वैश्विक रूपमा कायम १.५ डिग्री बढ्दाखेरि यस्तो भइरहेको छ भने हिमालमा त्योभन्दा बढी भयो भने कस्तो असर पर्छ भन्ने विश्वमञ्चलाई मन्थन गर्ने बहसको विषय बन्यो । हिमाल केवल हिमाली मुलुकको मात्र होइन, साझा पृथ्वीलाई थेग्ने पारिस्थितिक प्रणालीको प्रमुख आधार हो भनेर कोप सम्मेलनमार्फत विश्वले स्वीकार गर्ने वातावरण बन्यो । त्यो संवेदनशीलता बोकेको नेपालको प्रस्तावलाई प्रमुख १० कार्यसूचीबाहेक रहेको अवस्थामा पनि कोप सम्मेलनले बोकेर अघि बढ्ने बाध्यात्मक अवस्था सिर्जना बन्यो; जुन नेपालका लागि मात्र नभई विश्वका भावी पुस्ताको सुरक्षा र उनीहरूको भविष्यलाई अहिलेकै मानिसले भोगे जसरी भोग्न पाउने अवस्था सुनिश्चित गरिने छ भन्ने बलियो सन्देश हो ।

बाँकी ३ पृष्ठमा

दाङमा खाद्यद्वारा किसानसँग धान खरिद गर्न सुरु

कालपृष्ठ समाचारदाता

दाङ, ५ मंसिर



दाङमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले किसानसँग धान खरिद गर्न सुरु गरेको छ। सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा कम्पनीले देउखुरीको गढवा गाउँपालिकाबाट धान खरिद गर्न सुरु गरेको हो।

गढवा गाउँपालिका-५ गढवामा धान संकलन केन्द्र निर्धारण गरेर किसानसँग धान खरिद गर्न सुरु गरिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय तुलसीपुरका निमित्त प्रमुख शक्तिराम डाँगीले जानकारी दिनुभएको छ।

कार्यालय प्रमुख डाँगीका अनुसार जिल्लामा यो बर्ष पाँच हजार क्विन्टल धान खरिद गर्ने तयारीअन्तर्गत गढवाबाट धान खरिद गर्न सुरु गरेको हो। उहाँका अनुसार पहिलो दिन एक सय ८७ क्विटल धान खरिद गरिएको छ। गढवामा धान खरिद गर्ने काम सकिएपछि लमही नगरपालिका र राप्ती गाउँपालिकाबाट धान खरिद गर्ने तयारी गरिएको छ। सरकारले तोकेको मुल्यमा धान बिक्री गर्न पाउँदा किसान समेत खुसी भएका छन्। गाउँमा व्यापारीले सरकारले तोकेको मुल्यमा धान खरिद नगरिरहेको समयमा गाउँमै गएर खाद्यले किसानसँग धान खरिद गर्दा खुसी लागेको गढवा गाउँपालिका-५ गढवा निवासी किसान बुद्धिराज आचार्य बताउनुहुन्छ।

देउखुरीका तीन पालिकाबाट धान खरिद गर्ने गरि गढवाबाट धान खरिद गर्न सुरु गरिएको भन्दै निमित्त कार्यालय प्रमुख डाँगीले भन्नुभयो,'धान खरिदका लागि केन्द्रबाट सिमित कोटा निर्धारण गरेकाले देउखुरी क्षेत्रका तीन पालिकालाई छनोट गरि धान खरिद गर्न सुरु गरेका छौ।' उहँका अनुसार जिल्लामा धेरै धान खेती हुने सिमित कोटा निर्धारण गर्दा धान खरिदमा समस्या हुने भएकाले धान संकलनको कोटा बढाउन समेत माग गरिएको छ। जिल्लास्तरीय प्राथमिक खरिद समितिले दाङमा धान खरिदको कोटा बढाउन केन्द्रसँग माग गर्ने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको समितिले जिल्लाका किसानको उत्पादन र आवश्यकतालाई ध्यानमा राख्दै पाँच हजार क्विन्टलको कोटा बढाएर १० हजार क्विन्टल पुऱ्याउन माग गर्ने निर्णय गरेको कार्यालय प्रमुख डाँगी बताउनुहुन्छ।

सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६६० रुपियाँ र मध्यम धानको तीन हजार ८६० रुपियाँ निर्धारण गरेको छ।

स्तन क्यान्सर समयमै पहिचान भए उपचार प्रभावकारी

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ५ मंसिर

स्तन क्यान्सरको समयमै पहिचान र उपचार गर्न सके निको हुने सम्भावना बढ्ने भएकाले यसबारे जनचेतना अभिवृद्धि गर्न आवश्यक रहेको विज्ञहरूले बताएका छन्।

महिलामा देखिने प्रमुख क्यान्सरमध्ये स्तन क्यान्सर पनि एक हो। अन्तर्राष्ट्रिय क्यान्सर अनुसन्धान संस्था (आईएआरसी) को ग्लोबोक्यान २०२४ प्रतिवेदनअनुसार सन् २०२४ मा विश्वभर दुई लाख ४३ हजार ४०८ होइन, २४ लाख ३४ हजार ८७ जनामा नयाँ स्तन क्यान्सर देखिएको अनुमान छ। सोही वर्ष यसका कारण छ लाख ९३ हजार ६६० जनाको मृत्यु भएको अनुमान गरिएको छ।

प्रतिवेदनअनुसार नेपालमा सन् २०२४ मा एक हजार ७४६ जनामा नयाँ स्तन क्यान्सर देखिएको र ७५० जनाको मृत्यु भएको अनुमान छ।

क्यान्सर रोग विशेषज्ञ डा. अरूण शाहीले स्तनमा गाँठो आउनु, घाउ देखिनु, मुन्टोबाट रगत वा अन्य तरल पदार्थ निस्कनु तथा छालामा सुन्तलाको बोक्राजस्तो परिवर्तन देखिनुलाई बेवास्ता गर्न नहुने बताए। यस्ता लक्षण देखिएमा घरेलु उपचारमा मात्र निर्भर नभई स्वास्थ्य संस्थामा गएर परीक्षण गराउनुपर्ने उनको सुझाव छ।

महिलाले आफ्नो स्तनको सामान्य आकार र बनावटबारे जानकारी राख्नुपर्छ। कुनै असामान्य परिवर्तन देखिएमा समयमै परीक्षण गराउनुपर्छ।

स्वयं स्तन परीक्षण स्तनमा देखिने असामान्य परिवर्तन पहिचान गर्ने सहज विधि भएको डा. शाहीले बताए। उनका अनुसार १९ वर्ष उमेर पुगेपछि महिलाले महिनावारी भएको सातदेखि १० दिनभित्र नियमित रूपमा आफ्नो स्तन परीक्षण गर्नुपर्छ। महिनावारी बन्द भएका तथा गर्भवती महिलाले पनि नियमित रूपमा स्तनको आकार, स्वरूप र बनावटमा आएको परिवर्तनबारे सचेत रहनुपर्छ।

स्तन क्यान्सर पहिचानका लागि चिकित्सकीय स्तन परीक्षण, अल्ट्रासाउन्ड, म्यामोग्राफी तथा आवश्यकताअनुसार बायोप्सी गरिन्छ। स्तन क्यान्सर महिला र पुरुष दुवैलाई हुन सक्छ। जीवनशैलीमा आएको परिवर्तन, मोटोपना, मद्यपान तथा धूमपान, शारीरिक निष्क्रियता र अस्वस्थ खानपान यसका सम्भावित जोखिम कारक हुन्। स्तनपान नगराउनुलाई पनि जोखिमसँग जोडिएको छ।

स्तन क्यान्सर प्रारम्भिक अवस्थामा पहिचान भए उपचार प्रभावकारी हुने भएकाले लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य परीक्षण गराउनुपर्ने डा शाहीले बताए।

स्तन क्यान्सरका सम्भावित लक्षणमा स्तन वा काखीमुनि नदुख्ने गाँठो आउनु, स्तनको आकार परिवर्तन हुनु, मुन्टो भित्र धसिनु, मुन्टोबाट पीप, रगत वा पानीजस्तो तरल पदार्थ निस्कनु, स्तन दुख्नु वा सुन्निनु तथा छालामा निको नहुने घाउ आउनु र सुन्तलाको बोक्राजस्तो देखिनु रहेका छन्।

बाँकी

एनपीएल ...

उनी क्रिजमा प्रवेश गर्दा लुम्बिनीले ७.०० को रनरेट बनाएको थियो। उनले अविजित रहँदै टोलीको रनरेट ७.६८ सम्म कायम गराएका थिए। दिलीपले चौथो विकेटका निम्ति ३४ रनको साझेदारी गरे। उनले ३१ बलमा तीन छक्का प्रहार गरे।

कप्तान रोहितकुमार पौडेल ३० रन बनाएर पभेलियन फर्किए। निरोसन डिक्वेलाले २८ रन जोडेका थिए। नवौं नम्बरमा ब्याटिङ गर्न आएका अलि शेखले २४ रन बनाए। उनले १२ बलमा समान दुई चौका र छक्का प्रहार गरे।

ओपनर डार्सीले २१ रनको योगदान गरे। यसबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। सन्दीप जोरा र अविजित रहेका रुबेन ट्रम्पेलमनले समान चार रन बनाए। ओपनर आसिफ शेख एक रनमा आउट भए।

खेलमा पिच रोपार्टिङ गर्ने क्रममा इंग्लिस कमेन्टेटर ग्रेम स्वानले टोलीले सजहै १ सय ६० भन्दा माथिको योगफल बनाउन सक्ने अनुमान व्यक्त गरेका थिए। तर, सुदूरपश्चिमले सुरुआतदेखि नै बलिङबाट लुम्बिनीलाई दबाबमा राखेर उक्त योगफलमा रोक्यो।

सुदूरपश्चिम रोयल्सका निम्ति स्कट कुगेलेइनले दुई विकेट लिए। उनले २.२ ओभरमै ओपनर आसिफलाई एलबीडब्ल्यूको सिकार बनाएर अर्ली विकेट दिलाए। लुम्बिनीले उक्त बलिङमा डीआरएसको अपिल गरेको थियो। तर, टीभी अम्पायरले अनफिल्ड अम्पायरको एलबीडब्ल्यूलाई सदर गरेपछि उनी पभेलिएन फर्किका हुन्। उनले चार बल खेल्दा एक रन मात्र जोड्न सके।

त्यसपछि उनले १६.२ ओभरमा दोस्रो विकेटका रूपमा सन्दीप जोरालाई कप्तान दीपेन्द्रसिंह ऐरीबाट क्याच गराए। स्कटविरुद्ध सन्दीपले सटको प्रयास गर्दा मिडअफमा रहेका ऐरीले सहजै क्याच गरेका थिए।

हेमन्त धामीले एक विकेट लिए। उनले अलीलाई १९.३ ओभरमा स्कटबाट क्याच गराएका थिए। अली आउट भएपछि टोलीको सबै ब्याटिङ विकल्प समाप्त भएको थियो।

थरिन्दु रत्नायकेले एक विकेट लिए। थरिन्दुले डिक्वेलालाई क्लिन बोल्ड गरेका हुन्। उनको विकेटपछि लुम्बिनीले मध्यक्रमको मुख्य खम्बा गुमायो। उनी र कप्तान रोहितबीचको ३९ रनको साझेदारी तोडिएको थियो।

कप्तान दीपेन्द्रले पनि एक विकेट लिए। दीपेन्द्रले २.२ ओभरमा डार्सीलाई क्लिन बोल्ड गरे। डार्सी पभेलिएन फर्किपछि उनी र कप्तान रोहितबीचको ३० रनको साझेदारी तोडिएको थियो।

हारसँगै लुम्बिनी उपविजेतामा सीमित भएको छ। यस सिजन साबिक विजेता बनेको लुम्बिनी उपाधि रक्षा गर्न चुक्यो। र, पहिलोपटक उपविजेतामा सिमित भएको छ।

अनलाइन...

३१ ग्रामभन्दा बढी ब्राउन सुगरसहित दाङबाट तीन जना पक्राउ

दाङमा लागुऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थसहित तीन जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय दाङ र मातहतका प्रहरी कार्यालयबाट खटिएको टोलीले घोराही उपमहानगरपालिका र बबई गाउँपालिकाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी निरीक्षक श्रीकुमार पौडेलका अनुसार घोराही उपमहानगरपालिका-१६ सुन्दरनगरका ३३ वर्षीय सुनील थापालाई १९ ग्राम २१० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको छ। मङ्सिर ४ गते साँझ साढे पाँच बजे उनको घरमा खानतलासी गर्दा उक्त पदार्थ, डिजिटल तौल मेसिन, ४९ हजार रुपियाँ नगद र एउटा मोबाइल बरामद गरिएको प्रहरीले जनाएको छ।

त्यसैगरी, घोराही उपमहानगरपालिका-१५ सहिद गेटका २४ वर्षीय प्रजल श्रेष्ठलाई दुई ग्राम २६० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको छ। उनको साथबाट तीन हजार २५० रुपियाँ नगद र दुई थान मोबाइलसमेत बरामद भएको प्रहरीले जनाएको छ।

यस्तै, बबई गाउँपालिका-४ हापुरे दुर्गाटोलका २५ वर्षीय विनोद सुनारलाई नौ ग्राम ७१० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित पक्राउ गरिएको छ। उनको साथबाट डिजिटल तराजु र एउटा मोबाइल बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार तीनै जनालाई मङ्सिर ४ गते पक्राउ गरिएको हो। उनीहरूबाट कुल ३१ ग्राम १८० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको छ। पक्राउ परेका तीनै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

'एन्फा...

त्योभन्दा बाहेक हामीले केही हस्तक्षप गर्दैनौं भनेर उहाँहरूलाई जानकारी गरायौं। त्यसमा उहाँहरू सकारात्मक हुनुभयो", मन्त्री पोखरेलले भन्नुभयो। सरकारले नेपाली फुटबलप्रति देखाएको चासोलाई पनि फिफाले सकारात्मक रूपमा लिएको उहाँको भनाइ छ।

एएफसी अवार्ड समारोहमा सहभागी हुन थाइल्यान्ड पुग्नुभएका मन्त्री पोखरेलले फिफा अध्यक्ष इन्फान्टिनो, महासचिव माटियास ग्राफस्ट्रोम र एएफसी अध्यक्ष शेख सलमान बिन इब्राहिम अल खलिफासँग भेटवार्ता गर्नुभएको थियो।

कोप-३१ : ...

नेपालको मुद्दा : उद्घाटनदेखि निर्णयपानासम्म

नेपाल, भुटान र किर्गिस्तानले प्रस्तुत गरेको हिमाल संरक्षण र यस क्षेत्रमा परेको जलवायु परिवर्तनको मुद्दामा अन्तिम चरणतिर कोप निकै संवेदनशील देखियो। ती क्षेत्रमा अध्ययन अनुसन्धान हुनु पऱ्यो। जलवायु परिवर्तनले नेपालमा बनेका विकासका पूर्वाधार र भविष्यको योजनामा गम्भीर असर पुग्यो। भविष्यमा क्षति नदोहोरिने गरी कसरी विकास गर्न सकिन्छ भन्ने चासोमा पक्षराष्ट्रहरूले साथ दिएको परराष्ट्रमन्त्री शिशिर खनालले स्वदेश फर्किएलगत्तै अवगत गराउनुभयो। छातीमा किला ठोक्दा जति पीडा हुन्छ, त्यति असह्य चहराउने घाउ बोकेर नेपाल अन्ताल्या पुग्यो। परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा, कृषि वन तथा पर्यावरणमन्त्री गीता चौधरी, स्वास्थ्य तथा खाद्य सुरक्षामन्त्री निशा मेहता, शिक्षामन्त्री सस्मित पोखरेल तथा प्रतिनिधि सभाका सांसदसहितको नेपाली प्रतिनिधिमण्डलले सम्मेलनका सत्रमा खरो उत्रने प्रयत्न गर्नुभयो।

नेपाल, भुटान र किर्गिस्तानले अघि सारेको पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी प्रस्ताव स्वीकृत गराउन कोपमा सकस झेल्नु पऱ्यो। प्राथमिक कार्यसूचीमा पर्ने सकेन। तर पनि हिम्मत हारेन। अध्यक्षमण्डलसहितका सहृदयी अधिकांश सदस्यको आँखामा काँडा जस्तै बिझिरहेको थियो भोटेकोशी हिमबाढीको पीडा; जसले नेपालको प्रस्तावलाई जुनसुकै माध्यमबाट सम्बोधन गर्नेतर्फ अग्रसरता दियो।

सम्मेलनमा सहभागिता जनाउनुहुँदै परराष्ट्रमन्त्री शिशिर खनाल।

परराष्ट्रमन्त्री खनालका अनुसार नेपाली प्रतिनिधिमण्डलले खेलेको कूटनीतिक भूमिकाले काम गऱ्यो, जसका कारण उद्घाटन सत्रमै केही विषय सम्बोधन हुन पुग्यो। प्रस्तावका अन्य मुद्दा प्राविधिक तहको छलफल र अध्यक्षमण्डलसँगको उच्चस्तरीय परामर्श र साथका कारण सम्मेलनको कभर डिसिजन (निर्णयपाना) मा समेटियो। नेपाल र भुटानले संयुक्त रूपमा पर्वतीय क्षेत्रमा बढ्दो तापक्रमका प्रभावलाई सम्बोधन गर्न '१.५ डिग्री सेल्सियस तापक्रम वृद्धिले पर्वतीय क्षेत्रमा पार्ने प्रभाव' शीर्षकमा संयुक्त प्रस्ताव अघि सारेका थिए। किर्गिस्तानले पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी नियमित उच्चस्तरीय संवादलाई संस्थागत गर्ने प्रस्ताव गरेको थियो। सम्मेलनको अध्यक्षता गरिरहेको टर्किए र अस्ट्रेलियाको बलियो परामर्शमा प्रस्ताव तयार गरिएको थियो। पर्वतीय क्षेत्र तथा हिमनदीमा निर्भर समुदायबाट जलवायु परिवर्तनका कारण प्रतिकूल रूपमा प्रभावित भइरहेको अवस्थालाई स्वीकार गरियो।

'कभर डिसिजन' को बुँदा नं. ३१ मा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी छुट्टै कार्यक्रम स्थापना गर्ने उल्लेख छ। त्यसले पर्वतीय क्षेत्रको वैज्ञानिक अध्ययन तथा बुझाइ अभिवृद्धि, जलवायु अनुकूलनका प्रयास सुदृढीकरण, उत्थानशीलता निर्माण तथा हिमनदीमा निर्भर समुदायलाई आवश्यक सहयोग उपलब्ध गराउने विषयलाई प्राथमिकता दिएको छ। पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी विषयलाई स्थायी रूपमा समावेश गर्ने प्रस्ताव पनि 'कभर डिसिजन' मा राखिएको छ। यस विषयमा छलफल गर्न कोप-३२ मा उच्चस्तरीय हिमाली संवाद आयोजना गरिने छ।

'कभर डिसिजन' को बुँदा नं. ३२ मा जलवायु परिवर्तनसम्बन्धी सहायक निकायका ६६ औं र ६८ औं सत्रमा पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी संवाद आयोजना गर्ने विषयको स्वागत गरिएको छ। संवादमार्फत पर्वतीय क्षेत्र र जलवायु परिवर्तनसम्बन्धी मुलुकहरू, आदिवासी जनजाति तथा स्थानीय समुदायका अनुभव, आवश्यकता र प्राथमिकतालाई अन्तर्राष्ट्रिय जलवायु नीति तथा कार्ययोजनामा समेटिने छ।

यी प्रस्तावको बलमा हिमालयलगायत विश्वका पर्वतीय क्षेत्रमा हिमनदी पग्लिने क्रम, हिमताल विस्फोटको जोखिम, जलस्रोतमा पर्ने प्रभाव, जैविक विविधताको क्षति तथा जलवायुजन्य विपत्को बढ्दो जोखिमलाई अन्तर्राष्ट्रिय जलवायु वार्ताको प्राथमिकतामा राख्न सकिने दाबी परराष्ट्रमन्त्री शिशिर खनाल गर्नुहुन्छ। यसरी हेर्दा ताफक्रमलाई १.५ मा सीमित राख्ने, अनुकूलन वित्त बढाउने र पर्वतीय मुद्दा स्थापित गर्न नेपाल सफल भएको मन्त्री गीता चौधरीको पनि ठहर छ।-गोरखापत्र



समाचार र विचारको स्वतन्त्र संवाहक

kalpristhanews.com

‘एन्फा निलम्बन फुकुवाको प्रक्रिया अघि बढ्यो’



कालपृष्ठ समाचारदाता

काठमाडौं, ५ मंसिर

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले नेपाली फुटबलमाथि अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले लगाएको निलम्बन फुकुवाको प्रक्रिया अघि बढेको बताउनुभएको छ।

थाइल्यान्डमा फिफा र एसियाली फुटबल महासङ्घ (एएफसी)का अध्यक्षसहितका पदाधिकारीसँग छलफल गरेर स्वदेश फर्किनुभएका मन्त्री पोखरेले फिफा अध्यक्ष जियानी इन्फान्टिनोलाई नेपाल भ्रमणको निम्तोसमेत दिएको जानकारी दिनुभएको हो। उहाँका अनुसार निलम्बन फुकुवासँगै फिफा र एएफसी एन्फाको तहगत निर्वाचन गराउन सहमत भएका छन्। निर्वाचन कसरी र कुन प्रक्रियाबाट गर्ने भन्ने विषयमा फिफाले आउँदो डिसेम्बरमा प्रस्तावसहितको रोडम्याप पठाउनेछ।

“अब फिफाले नै एन्फा निलम्बन फुकुवाको प्रक्रिया अगाडि बढाउँछ। तहगत निर्वाचनको हकमा पनि डिसेम्बरसम्ममा रोडम्यापको प्रस्ताव लिएर आउने भन्नुभएको छ”, मन्त्री पोखरेलले भन्नुभयो।

एन्फाको निर्वाचन पुरानै नेतृत्वबाट गर्ने वा अन्तरिम कमिटी बनाएर गर्ने भन्ने विषय भने टुङ्गिन बाँकी रहेको उहाँले बताउनुभयो।

“तहगत निर्वाचन गर्ने भन्नेमा सहमति भएको हो। कुन मोडालिटीमा गर्ने, कस्तो गर्ने र कहिले गर्ने भन्ने विषयमा टुङ्गिन बाँकी छ”, मन्त्री पोखरेलले भन्नुभयो। उहाँका अनुसार फिफाले नेपाली फुटबलमा सरकारको भूमिकालाई ‘थर्ड पार्टी इन्टरफेरेन्स’का रूपमा बुझेको थियो। तर, सरकारले नेपालको आफ्नै कानुन र राज्यको अधिकारबारे स्पष्ट पारेपछि फिफा सकारात्मक बनेको उहाँले बताउनुभयो।

“राज्यले गर्ने काम आफैं गर्छ। देशको कानुनअनुसार काम हुन्छ।

बाँकी ३ पृष्ठमा

तेस्रो राप्तीसोनारी नेचर रनको उपाधि स्वस्तिका र टेकेन्द्रलाई

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ५ मंसिर



तेस्रो राप्तीसोनारी नेचर रनको उपाधि स्वस्तिका शाही र टेकेन्द्र डांगीले शनिवार जितेका छन्।

बाँकेको राप्तीसोनारीस्थित मदुवामा भएको दौडमा १० किलोमिटर खुला महिलातर्फ स्वस्किाले प्रथम स्थान हासिल गर्दा रीता कुसारी दोस्रो र नन्दिता थारु तेस्रो भए। खुला पुरुषतर्फ टेकेन्द्रसँगै निराजन चौधरीले दोस्रो र प्रशान्त तामाङले तेस्रो स्थान हासिल गरे।

राप्तीसोनारी पालिका अन्तर्गतका स्कुल स्तरीय छात्रतर्फ भबिन्द्र बोहरा, समिर थारु र बिशाल यादवले क्रमशः शीर्ष तीन स्थान हासिल गर्दा छात्रातर्फ ३ किलोमिटरमा रेणुका चौधरी, अनुजा थारु र निस्मा थारु क्रमशः पहिलो, दोस्रो र तेस्रो भए। तीन सय बढी धावकको सहभागिता रहेको दौडमा सबै विधाका शीर्ष तीनजनालाई नगद तीन हजार, दुई हजार र एक हजार सहित पदकले पुरस्कृत गरियो। जर्मनीमा बसोबास गर्दै आएका मदुवानिवासी पुर्व राष्ट्रिय खेलाडी तीर्थ ओलीको पहलमा धारा नेपालगन्ज म्याराथनको भगिनी दौड कार्यक्रमका रूपमा राप्तीसोनारी नेचर रन हरेक वर्ष हुँदै आएको छ। यसका शीर्ष दश जनालाई मंसिर १२ गते हुने धारा नेपालगन्ज म्याराथनको १२औं संस्करणमा स्वतः सहभागिता दिइने रेस डाइरेक्टर चन्द्र गुरुङले जानकारी दिए।

एक किलोमिटर वाकाथनमा राप्तीसोनारीका अध्यक्ष तप्त पौडेल, उपाध्यक्ष मनिषा थारु, पुर्व प्रदेश सभा सदस्य कृष्णाकेसी नमुना लगायत झण्डै सय जनाले भाग लिएका थिए। पालिका अध्यक्ष पौडलले दौडको उदघाटन गर्नुहुँदै तेस्रो संस्करणदेखि सिंगो पालिका र वडा नं २ ले समेत अपनत्व लिएको जानकारी गराउँदै यसको निरन्तरताको आधार तयार भएको बताउनुभयो।

लुम्बिनी प्रदेशसभा पुर्व सदस्य कृष्णा केसी, वडाध्यक्ष ज्ञानेन्द्र ओली, धारा नेपालगन्ज म्याराथनका संस्थापक टीएस ठकुरी लगायतले विजयी खेलाडीलाई पुरस्कृत गरेका थिए।

अगैयामा प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिता सुरु

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ५ मंसिर

बाँकेको राप्तीसोनारी गाउँपालिकाको अगैयामा अप्रथम लुम्बिनी प्रदेशस्तरीय तेक्वान्दो प्रतियोगिताझ सुरु भएको छ।

राप्तीसोनारी गाउँपालिकाको समन्वयमा भृकुटी तेक्वान्दो डोजाङ नेपालगन्जले प्रतियोगिता आयोजना गरेको हो।

दुई दिने प्रतियोगिताको गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले उद्घाटन गर्नुभयो। सो अवसरमा अध्यक्ष पौडेलले खेलाडी र खेलको सम्मान गर्न सकेमा देशको, भाषाको, कलाको, संस्कृतिको विकास हुने बताउनुभयो। उहाँले भन्नु भयो, ‘खेलाडी गौरव हुन्। खेलाडी पहिचानका मालिक हुन् भन्ने कुरा मैले बुझेको छु।’

अध्यक्ष पौडेलले अन्य खेलजस्तै तेक्वान्दोको विकासका लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता गर्नुभयो।

नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य श्रीमान थापाले तेक्वान्दोले अन्तर्राष्ट्रिय ठूला पदक जितेर देशको गौरव बढाएको बताउनुभयो। उहाँले तेक्वान्दो खेलाडीले पाराओलम्पिकमा कास्य, एसियनमा स्वर्ण र साफमा एकै जनाले चार स्वर्ण जितेर ईतिहास बनाएको स्मरण गर्नुभयो। थापाले तेक्वान्दो मनोरन्जन र आत्म सुरक्षामात्रै नभएर देश चिनाउने विधा भएको बताउनुभयो।

बाँके तेक्वान्दो संघका अध्यक्ष प्रकाश लामिछानेले भलिबल, एथलेटिक्स जसरी पालिकाले तेक्वान्दोलाई प्राथमिकता दिन आग्रह गर्नुभयो।

तेक्वान्दोका प्रशिक्षक एवं प्रतियोगिताका संयोजक चन्द्रप्रकाश श्रेष्ठले गाउँमा छरिएर रहेका खेलाडीको विकासका लागि र राप्तीसोनारीको पर्यटकीय क्षेत्रको चिनारीका लागि प्रतियोगिता आयोजना गरिएको बताउनुभयो।

भृकुटी तेक्वान्दो डोजाङका संयोजक उमादेवी थापाको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा वडाध्यक्ष, तेक्वान्दो संघका विभिन्न व्यक्तित्वको उपस्थिति रहेको थियो।

आइतबारसम्म चल्ने प्रतियोगितामा लुम्बिनी प्रदेशका बाँके, बर्दिया, दाङ, रोल्पा, प्यूठान, रूपन्देही र कपिलबस्तुका खेलाडी सहभागी रहेका छन्।

तेक्वान्दो खेलको विकास र विस्तार गर्न, प्रदेशस्तरीय खेलाडी उत्पादन गर्न, युवामा अनुशासन र आत्मविश्वास बढाउन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी तयार गर्न, खेलकुदमार्फत सामाजिक एकता र भाइचारा बढाउन भृकुटी तेक्वान्दो डोजाङले यस्ता प्रतियोगिता आयोजना गर्दै आएको छ।

मधेश प्रदेश २९ खेलमा सहभागी हुने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ५ मंसिर

कर्णाली प्रदेशमा हुने १० औं राष्ट्रिय खेलकुद प्रतियोगितामा ३२ बिधाको खेल मध्ये मधेश प्रदेश बाट २९ बिधाको खेलमा सहभागी हुनेछ सहभागी हुने सबै बिधाको प्रदेश स्तरीय छनौट सम्पन्न भएको छ। जसमा पुरुष खेलाडी ३२० जना , महिला खेलाडी २७४ जना , प्रशिक्षक ७४ जना , ब्यबस्थापक ३७ जना , मेडिकल टिम ३ जना र टोलि नेता उपनेता २ जना गरि मधेश प्रदेश बाट जम्मा ७१० जना सहभागी हुनेछन्। खेली मधेश , जिती मधेश मुल नारा साथ मधेश प्रदेश पुर्ण रूपमा तयार रहेको मधेश खेलकुद परिषदका सदस्य सचीव शिवजी प्रसाद कानुले भन्नु भयो।

एनएफएलमा तीन टिमका लागि २० वटा प्रस्ताव

कालपृष्ठ समाचारदाता

काठमाडौं, ५ मंसिर

नेपाल फुटबल लिग (एनएफएल) मा तीन नयाँ टोली थप्न आह्वान गरिएको बोलपत्रमा २० वटा प्रस्ताव परेको छ। त्यसमध्ये छनौट हुने तीन टिमले मात्रै लिग खेल्न पाउनेछन्।

एनएफएलका कमिश्नर राजु घिसिङले भने- ‘आठ सहर लक्षित गरी खोलिएको बोलपत्रमा २० वटा प्रस्ताव प्राप्त भएको छ। पेश गरिएका बिडिङ रकम, व्यावसायिक तथा वित्तीय पृष्ठभूमि, सामाजिक विश्वसनीयता र १० वर्षको क्लब सञ्चालन योजनाको आधारमा तीन टोली छनोट गरिनेछ।’

नयाँ टोलीका लागि विराटनगर, धरान, जनकपुर, वीरगन्ज, हेटौंडा, भक्तपुर, नेपालगन्ज र सुर्खेतका लागि प्रस्ताव माग गरिएको थियो।

७ क्लब काठमाडौं रेजर्स, ललितपुर सिटी, एफसी चितवन, पोखरा थन्डर्स, बुटवल लुम्बिनी, धनगढी एफसी र झापा एफसी एनएफएलका संस्थापक हुन्। यी सात क्लब र नया‘ तीन टिमसहित १० टोलीले ‘होम एन्ड अवे’को आधारमा एनएफएलमा प्रतिस्पर्धा गर्नेछन्। पहिलो संस्करण फागुन १ गते सुरु हुनेछ।





आईडी कार्ड
मात्र
रू. १५०/-
सम्पर्क:
मो. ९८५८०४१२१०,९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।